**मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालि नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

नयाँ भेरिन्टिका साथ विश्वभरि महामारीका रुपमा फैलिएको Covid 19 को रोकथामका तथा व्यवस्थापन गरी नागरिकको जीउज्यानको रक्षाका लागि तपसिल बमोजिमका कार्यहरु गर्ने सर्वसम्म निर्णय गरियो ।

क) नगरस्तरीय कोभिड व्यवस्थापन समिति र वडा स्तरीय कोभिड व्यवस्थापन समितिका बैठक बसि यथार्थ बिवरण संकलन गरी सोको प्रभावकारी व्यवस्थापन, उद्धार,राहत र उपचारको आवश्य प्रबन्ध गर्ने ।

ख) सबै १९ वटै वडामा वडाको तर्फबाट कोभिडका बिरामीहरुको प्रभावकारी उपचारका लागि वडा ५ अक्सीजन सिलिण्डर र २ अक्सीजन कन्सन्टेशन मेसिन,पिपिई र अन्य अत्यावश्यक सामग्रि आवश्यक प्रकृया पुरा गरी खरिद गर्ने ।

ग) यो बिपदका समयमा बिपद व्यवस्थापन समितिका संयोजक श्री नवराज लामीछानेले सबै क्षेत्र अध्ययन बिश्लेषण र अनुगमन गरी सोको विवरण संकलन गर्न निजको एक सचिवालय गठन गरी घन्टे टेलिफोन रिसिभ गरी सूचना आदान प्रदानको व्यवस्था गर्ने ।

घ) तुलसीपुर उपमहानगरपालिकाको बिगतको कार्यपालिका बैठकबाट समेत निर्णय भई खरिद लागिएका ५ वटा एम्बुलेन्सहरु भन्सार छुटका लागि अनुरोध गरिएको तर प्रकृयागत कुरा नमि हालसम्म पाउन नसकिएकोले यो बिषम परिस्थितिमा एम्बुलेन्सको टटकारो आवश्यक्ता परेकोले उपमहानगपालिकाले आफै नेपाल सरकारलाई लाग्ने भन्सार शुल्क भुक्तानी गरी ५ वटा एम्बुले खरिद गर्ने ।

ङ) महामारीको यो बिषम परिस्थितिमा ज्यान गुमाउनेहरुका लागि शवको उचित व्यवस्थापन तपसिलको एक शब व्यवस्थापन समिति गठन गर्ने ।

**तपसिल**

१.श्री चित्र बहादुर वली (वडा अध्यक्ष) संयोजक

२.श्री अमर नेपाली (कार्यपालिका सदस्य) सदस्य

३.श्री बिनोद पाण्डे(का.बा. वडा अध्यक्ष)सदस्य

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, लुम्बिनी प्रदेश

नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :

च) यो बिषम परिस्थितिमा कोरोना नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने दक्ष स्वास्थ्य कर्मी उपलब्ध गराउन राप्ती प्रादेशिक अस्पताल, प्रादेशिक आर्युबेदिक चिकित्सायलय बिजौरी ,राप्ती आंर्युबेदिक अस्पताल दोघरे र तुलसीपुरमा सञ्चालित निजि अस्पतालहरु र क्लिनिकहरुमा समेत अनुरोध गर्ने ।

छ)यस कार्यालयमा कार्यरत सबै कर्मचारीहरु कोरोना महामारीको अवस्थामा जीउज्यानको प्रभाह नगरी नागरिकको सेवामा तल्लीन हुदाका बखत बिरामी परेमा वा चोटपटक अंगभंग भएमा Accidental बिमा गर्ने तथा निजहरुको सबै उपचारको प्रबन्ध गर्ने ।

ज) कोभिड १९ को समयमा अक्सीजनको चरम समस्या देखिएकोले सोको सहज तथा प्रभावकारी व्यवस्थापन गर्न र प्राकृतिक बिपद व्यवस्थापन कोषमा आर्थिक सहयोज जुटाउनका लागि आर्थिक समितिका संयोजक श्री माधव वलीलाई जिम्मेवारी दिने र सोको सदस्य सचिवमा आर्थिक समितिका सदस्य सचिव श्री भिम प्रकाश खत्री लाई मनोनयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

ञ)पि.सि.आर.ल्याव सञ्चालनका लागि संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय प्रयोगशालामा अनुमतिका लागि अनुरोध गर्ने ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिका द्वारा सञ्चालित भिमशेन नगर शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र(तुलसीपुर मेट्रो अस्पताल)को कोरोना आईसोलेशन केन्द्र व्यवस्थापनका लागि तपसिल बमोजिमको अस्पताल व्यवस्थापन समिति गठन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.नगरप्रमुख श्री घनश्याम पाण्डे | संयोजक |
| २.उप प्रमुख श्री माया शर्मा | सदस्य |
| ३.वडा अध्यक्ष श्री बेदबहादुर केसी | सदस्य |
| ४.श्री कुमार लामीछाने( सामाजिक बिकास समिति) | सदस्य |
| ५.श्री भास्कंरराज गौतम( नि. प्र.प.अ.) | सदस्य |

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :**

६.जग्गा दाता आफै वा निजले तोकेको परिवारको ब्यक्ति सदस्य

७. स्वास्थ्य महाशाखा प्रमुख सदस्य सचिव

**निर्णय नं ३.**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको राप्ती प्रादेशिक अस्पतालको अक्सीजन प्लान्ट सञ्चालनका लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर भिमशेन नगर शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र(तुलसीपुर मेट्रो अस्पताल)को कोरोना आईसोलेशन केन्द्रमा प्रभावकारी सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको आवश्यक्ता परेकोले स्वास्थ्य महाशाखाले तयार गरेको ९८(अन्ठानब्बे) जनाको तपसिलमा उल्लेखित जनशक्तिको दरबन्दीलाई स्वीकृत गर्दै सेवा करारमा नियुक्त गरी कामकाजमा लागाउने निर्णय गरियो साथै निजहरुको पारिश्रमिक नेपाल सरकारले तोके बमोजिम हुने र फन्ट साईटमा कार्यरतलाई यो महामारीको अवस्थामा मात्र दोब्बर तलब र अन्य बाहिरी घेरामा कार्यरतलाई खानपिनको ब्यवस्था दिने निर्णय गरियो । साथै उक्त जनशक्ति पदपुर्तिका लागि तपसिल बमोजिमको पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१.श्री प्रमुख प्रशासकीय अधिकृत (अध्यक्ष)

२.श्री जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख (सदस्य)

३. श्री नगर प्रमुख ले तोकेको स्वास्थ्य बिज्ञ २ जना (सदस्य)

४. श्री प्रशासन तथा जनशक्ति बिकास शाखा प्रमुख (सदस्य सदस्य)

| सि.नं. | माग पद तथा तह | पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | कन्सल्टेन्ट फिजिसियन (नवौं तह) | ६ जना | चिकित्सा शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण |
| २ | कन्सल्टेन्ट सर्जन (नवौं तह) | १ जना | चिकित्सा शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण |
| ३ | आयुर्वेद विज्ञ (नवौं तह) | १ जना | आयुर्वेद विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण |
| ४ | मेडिकल अफिसर (आठौं तह) | १२ जना | सामान्य चिकित्सा/आयुर्वेदमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| ५ | स्टाफ नर्स (पाँचौ तह) | २६ जना | नर्सिङमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ६ | बायो मिडिकल टेक्निसियन (पाँचौ तह) | १ जना | बायो मिडिकल ईञ्जिनियङमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ७ | फिजियोथेरापी (पाँचौं तह) | १ जना | फिजियोथेरापीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ८ | हेल्थ असिस्टेन्ट (पाँचौं तह) | ४ जना | सामान्य चिकित्सामा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |





नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :**

| | | | |
|---|---|---|---|
| ९ | ल्याब टेक्निसियन (पाँचौं तह) | २ जना | ल्याब प्रयोगशाला सम्बन्धी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्ती |
| १० | एनेस्थेटिक असिस्टेन्ट (पाँचौं तह) | २ जना | हे.अ., स्टाफ नर्स वा सो सरह उत्तीर्ण गरि १२ महिने तालिम प्राप्त |
| ११ | रेडियो ग्राफर (पाँचौ तह) | २ जना | रेडियोग्राफिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| १२ | अ.हे.ब. (चौथो तह) | ४ जना | सि.एम.ए. वा सो सरह उत्तीर्ण |
| १३ | अ.न.मी. (चौथो तह) | १२ जना | अ.न.मी. वा सो सरह उत्तीर्ण |
| १४ | स्वीपर (श्रेणी विहिन) | १६ जना | सामान्य लेखपढ गर्न सक्ने |
| १५ | सुरक्षा गार्ड (श्रेणी विहिन) | ८ जना | सामान्य लेखपढ गर्न सक्ने |

**आवश्यक न्यूनतम योग्यता र आवश्यक कागजातहरु:**

१. शैक्षिक योग्यता तथा नेपाली नागरिकताको प्रतिलिपी ।

२. पासपोर्ट साइजको फोटो १ प्रति।

३. आठौं र नवौं तहका निम्ति २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको तथा अन्यका निम्ति १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।

४. अनुभवी तथा तुलसीपुर उपमहानगरपालिकाको स्थायी वासिन्दालाई प्राथामिकता दिइने छ ।

५. सेवा सुविधाः प्रचलित नियमानुसार

**छनौटको प्रक्रिया :** कार्यक्रममा माग भए अनुसारको योग्यता, क्षमता, मापदण्डको आधारमा मूल्यांकन तथा मौखिक परिक्षाबाट छनौट गरिनेछ।

**अन्तरवार्ता मितिः** २०७८ साल जेष्ठ ७ गते अनलाईन माध्यमबाट गरिनेछ ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाका मेयर प्राकृतिक बिपद ब्यवस्थापन कोषमा हालको बिश्व ब्यापी महामारीको ब्यवस्थापनका लागि रु. ५०००००००।(पांच करोड मात्र) जम्मा गर्ने निर्णय गरियो ।·साथै अस्पताल,आईसोलेशन केन्द्रको लागि उपकरण, प्रयोगशाला र जनशक्तिमा थप १००००००००। (दश करोड) लाग्ने भएकोले सो रकम लुम्बिनी प्रदेश सरकार र संघीय सरकारमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको एम्बुलेन्स चालकहरुलाई यस उपमहानगरपालिकाका चालकले खाईपाई आएको तलब बराबरको तलबमान २०७८ बैशाख १ गते देखि उपलब्ध गराउने निर्णय गरियो साथै यो कोरोना महामारीको समयमा निजहरुको खटन पटन र जोखिमलाई समेत दृष्टिगत गरी सोहि बराबरको भक्ता समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

कोभिड महामारीको यो बिषम परिस्थितिमा नागरीकको जीउज्यान सुरक्षा र ब्यवस्थापकीय पक्षमा आवश्यक सहयोग पुगोस भन्ने हेतुले यस उपमहानगरपालिकाका सबै प्रतिनिधिहरुबाट स्वईच्छिक रकम तुलसीपुर उपमहानगरपालिका मेयर प्राकृतिक बिपद ब्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख





नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिकाका नगरबासीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक पर्ने कोभिड भ्याक्सीन उपलब्ध गराउने लुम्बिनी प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपहानगरपालिकामा आ.ब. २०७७/०७८ का लागि छनोट भएका योजनाहरु मध्य संझौता भई कार्यान्वयनमा नगएका र संझौता समेत नभएका योजनाहरुलाई कार्यान्वयन नगर्ने र योजना तर्जुमा कार्यक्रम कोरोना महामारीको केहि कम भएको अवस्थामा पुन छलफल गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

आगामी आ.ब. २०७८/७९ मा तुलसीपुर उपहानगरपालिका र प्रदेश सरकारको लागत साझेदारीमा कार्यान्वयन हुने देहाय बमोजिमका समपुरक अनुदानका योजनाहरु लुम्बिनी प्रदेश सरकारमा माग गर्न सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो । साथै सोही बराबरको रकम उपमहानगरपालिकाले व्यहोर्ने समेत निर्णय गरियो ।

तपसिल

१. श्रीमणी अभय मार्ग रु. ५०,००,०००।- (लागत अनुमान रु. १ करोड)

२. तुलसीपुर मेट्रो अस्पताल रु. १,००,००,०००।- (लागत अनुमान रु. २ करोड)

३. तुलसीपुर मेट्रो अस्पताल मार्ग कालोपत्रे रु. ५०,००,०००।- (लागत अनुमान रु. १ करोड)

४. भमके हेल्थपोष्ट देखि मनकामना जाने बाटो कालोपत्रे रु. ५०,००,०००।- (लागत अनुमान रु. १ करोड)

५. मदन भण्डारी रंगशाला निर्माण रु. ५०,००,०००।- (लागत अनुमान रु. १ करोड)

सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका ले चालु आ.ब.२०७७/०७८ मा बिभिन्न तालिम गोष्ठिमा बिनियोजन गरेको रकम कोरोना महामारीका कारण खर्च हुन नसक्ने तथा तालिम गोष्ठि भन्दा यो महामारीमा नागरिकको स्वास्थ्यको ख्याल गर्नु स्थानीय सरकारको प्रमुख दायीत्व भएकोले सोमा खर्च नगरी कोरोना महामारी नियन्त्रणमा रकमान्तर गरी खर्च गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२**

कोरोना महामारीको समयमा तत्काल गर्नु पर्ने अत्यावश्यक निर्णयहरुमा नगरमा नगर प्रमुख र वडामा वडा अध्यक्षको एकल निर्णय बाट निर्णय गरी कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३**

अधिकृत



नि. प्रमुख

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर ... नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७८ बैशाख २९ गते (वि.सं.२०७८।१।२९) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०८औं बैठकका निर्णयहरु :**

मिति २०७७।१२।२६ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार बसपार्क गुरु योजना बमोजिम गाडि धुलाई र सरसफाई क्षेत्र तथा तुलसी पेट्रोल पम्प सञ्चालनका लागि छुट्याईएको क्षेत्र बाहेक सम्पूर्ण क्षेत्र तथा पुर्वाधार स्वीकृतीको ठेक्का व्यवस्थापनका लागि आर्थिक समितिको निर्णय अनुसार सार्बजनिक शौचालय,पार्किङ्ग लामो र छोटो समय,प्रवेश तथा निकास शुल्क,होडिङ्ग बोर्ड सहित सार्बजनिक सूचना,टर्मिनल भवन र ५२ सटरको आ.ब.२०७८/०७९ देखि २० बर्षका लागि ठेक्का आवह्नन गर्न बार्षिक न्यूनतम अंक(भ्याट बाहेक) रु .२,५६,४५०००।(दुई करोड छपन्न लाख पैतालिस हजार मात्र) राखी बार्षिक २ प्रतिशतले ठेक्काको कबोल अंक बढने गरी सार्बजनिक सूचना आवह्नन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

आ.ब.२०७७/०७८ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन हालै स्वीकृत भएको हुदा नदिजन्य पदार्थ उत्खनन गर्न सूचना आवह्नन गरी ठेक्का प्रकृयामा जादा जेष्ठ मसान्त पछि आगामि बर्षको भदौ मसान्त सम्म नदिजन्य पदार्थ उत्खनन गर्न नपाईने कानुनी व्यवस्थाका कारण जेष्ठ महिनाको समयावधिमात्र बांकी रहेको हुदा ढिलाई भई उत्खनन गर्न नसकिने देखिएको र सोबाट बिकास निर्माणका योजनाहरु समेत प्रत्यक्ष रुपमा प्रभाबित हुने भएकोले ठेक्का नलागेका तथा आई. ई.ई. भई प्रतिवेदन समेत प्राप्त भएका खोला तथा नदिहरुमा अमानतमा आवश्यक्ताका आधारमा आई.ई.ई प्रतिवेदनका शर्तहरु पालना गरी ह्याभि ईकुप्मेन्ट प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५.**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटलपुर बस्ने महाबीर चौधरी समेत बिरुद्ध तुलसीपुर उपमहानगरपालिका,तुलसीपुर दाङ्ग समेत भएको श्री. उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७८।१।१५ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-WO-००६२ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयको कानुनी मामिला शाखामा कार्यरत कानुन अधिकृत श्री आँचल बगालेलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६**

बिश्व महामारीको रुपमा फैलिएको कोभिड १९ मा हालै मृत्यु हुनु भएकी तुलसीपुर उपमहानगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री लक्ष्मण भण्डारीकी धर्मपत्नी खुमा भण्डारी ,कार्यपालिका सदस्य डिला परियारकी आमा कलसी परियार ,साबिक तुलसीपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष भबिश्वर भुसाल तथा कोभिड १९ का कारण मृत्युबरण गर्नु भएका ब्यक्तिहरुमा हार्दिक श्राद्धान्जली अर्पण गर्दै परिवार जनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरीयो साथै कोभिड १९ बाट संक्रमीत बिरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।



नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङ, लुम्बिनी प्रदेश, नेपाल २०७४